एकता
मतिका
यौपाने,
सघका
रायण
शिक्षक
बहादुर
भारत
रेशम
नवादी
यादव,
ध्यक्ष
डका
र्मा,
दस्य
दस्य
दस्य
प्रति
थो।

...खेलको देउसीभैलो कार्यक्रमबाट संकलन गरेको रकमले अजम्बरी सामुदायिक वन उपभोक्ता समूहको ग्रीन पार्कमा पानी शुद्धिकरण मेसिन जडान गरेका छन्।

मेसिनका कारण त्यहाँ पुग्नेहरुलाई शुद्ध पिउने पानीको समस्या टरेको छ। गुरुकुल एकेडेमी लमहीका प्रधानाध्यापक सुरज खनालको अध्यक्षता तथा लमही नगरपालिका वडा नं.५ का अध्यक्ष ओमप्रसाद सुवेदीको प्रमुख आतिथ्यता र अजम्बरी सामुदायिक वन उपभोक्ता समूह लमहीका अध्यक्ष पवन रिजालको विशिष्ट आतिथ्यतामा पानी शुद्धिकरण सेवा उद्घाटन गरिएको थियो। कार्यक्रमका वक्ताहरुले गुरुकुल एकेडेमीका विद्यार्थीहरुको कार्यको प्रशंसा गरेका थिए

□ राधेश्याम गुप्ता

लमही, १२ चैत। श्रीगोरक्ष पात्रदेव सिद्धरत्ननाथ मठ चौघेराबाट पात्रदेवता लमहीको दलिचा मन्दिरमा स्थानीय आध्यात्मिक संघसंस्थाहरुले स्वागत गरेका छन्।

मठको परम्पराअनुसार प्रत्येक वर्ष चैत्र शुक्ल पञ्चमी तिथिका दिन भारतको तुलसीपुरस्थित देवी पाटेश्वरीको मन्दिरमा पुग्ने ऐतिहासिक परम्परा रहिआएको छ। बाजागाजासहितको रथयात्रा लमही आएपछि देउखुरी उद्योग वाणिज्य संघ लमही,चेम्बर अफ कमर्स, स्वर्गद्वारी कश्यप समाज, ब्रम्हा कुमारी ईश्वरीय विश्वविद्यालय, गुरुकुल विद्यालय, यादव समाज सेवा संघलगायतका संघसंस्थाहरुले स्वागत गरेका थिए।

मठका महन्त सूरतनाथ योगीको नेतृत्वमा आएको उक्त धार्मिक रथयात्रामा ब्यानरसहितका आध्यात्मिक महिला पुरुषहरुको र्‍यालीमा सहभागिता थियो। रथयात्रा भारतको देवी पाटन जाने क्रममा यही चैत १७ गते कोइलाबासको काली मन्दिरमा, १८ गते भारतको जनकपुर र २० गते पञ्चमी तिथिका दिन देवी पाटन मन्दिरमा पुग्ने यात्राका संयोजक बलदेव योगीले जानकारी दिनुभयो।


# श्री चिउरीघाट सामुदायिक वन उपभोक्ता समूह

गढवा, गा.पा. ५ कक्रहवा देउखुरी, दाङ

## काठ लिलाम बिक्रीको सूचना !

प्रथम पटक प्रकाशन मिति : २०८१।१२।१३

डिभिजन वन कार्यालय दाङ (देउखुरी) को च.नं. १६६१ मिति २०८१।१२।०५ गतेको आदेशानुसार यस चिउरीघाट सामुदायिक वन उपभोक्ता समूह गढवा गा.पा. ५ कक्रहवा दाङ देउखुरीको आर्थिक वर्ष २०७५/०७६ मा संकलन गरी घाटगद्दी गरी राखेको साल जातको काठ ग्रेड ए.बि.सी., डि. र अन्य प्रजातिको गोलिया काठको लट बनाई गोलिया थान जम्मा ६४ को ३२५.८७ क्यूफिट काठ बाह्य लिलाम बिक्री गर्नुपर्ने भएको हुँदा इच्छुक फर्म, कम्पनी काठ व्यवसायमा आधारित कम्पनीहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र गोप्य शिलबन्दी बोलपत्र फाराम पेश गर्नुहुन यो २१ दिने प्रथम पटक सूचना प्रकाशन गरिएको छ। विस्तृत सूचना समूहको सूचना पाटीमा वा समूहमा सम्पर्क गर्न हुन पनि जानकारी गराइन्छ। रितपूर्वक दर्ता हुन आएका गोप्य शिलबन्दी बोलपत्र फारामहरु समूहका पदाधिकारी, वन कर्मचारीहरु, स्थानीय जनप्रतिनिधि तथा स्थानीय भद्रभलादमीहरुको रोहवरमा २२ औं दिनमा खोलिनेछ। २२ औं दिन सार्वजनिक बिदा परेमा अर्को दिन खोलिने छ।

**अध्यक्ष**



## हराएको सूचना !

...भएका तपसिल बमोजिमका बीमालेखहरु ...जारी गरी पाउँ भन्ने ब्यहोरा सहितको निवेदन ...मा प्राप्त भएको छ। सो बीमालेख उपर कोही ...शित मितिले ३५ दिनभित्र कम्पनीमा प्रमाणसहित ...काशित गरिएको छ। अन्यथा निवेदकको माग ...मा प्रतिलिपि बीमालेख जारी गरिने ब्यहोरा ...राइन्छ।

| ...ख नं. | ठेगाना | सम्पर्क नं. |
| --- | --- | --- |
| ...३११०८ | तुलसीपुर-५, दाङ | ९८०६२४५४२९ |

**...योरेन्स कम्पनी लिमिटेड**
...लाईफ भवन मैतिदेवी काठमाण्डौ
...लसीपुर ०८२-५२२७१८/५२३३०८



...ल सरकार

## ...यानको सार्वजनिक सूचना !

...पालिका बडा नं. ३ बस्ने निर्तेका नाति, पूर्ण ...मा पुने कामी उल्लेख भएको) को छोरा ...बु आमाको मृत्युपछि सबैभन्दा नजिकको ...एकाले मृतक बाबु पुने कामीका नाममा ...जग्गाहरु आफ्नो नाममा नामसारी गरी ...नं. वडा कार्यालय सल्यानको सर्जमिन ...च.नं. ४०७ को किटानी सिफारिसपत्र ...एकोले सम्बन्धित सरोकारवाला सबैको ... सल्यान जिल्ला साविक थारमारे ९ का ...प्रमाण पूर्जा/श्रेस्तामा उल्लेखित कर्नेका प्रमाणित सिफारिसपत्र र नागरिकताको निर्तेका छोरा पूर्ण बहादुर सुनार एउटै निवेदक छोराहरु लाल बहादुर सुनार, ...नाममा नामसारी हुनु नपर्ने भए वा अरु ...ए वा निवेदक बाहेक अरु पनि हकवाला ... भएको मितिले ३५ (पैतिस) दिनभित्र ...ए सो कारण खुलाई र अरुको पनि हक ...सहितको निवेदन लिई यस कार्यालयमा ... नआएमा कानून बमोजिम निवेदकको...

**...त्र गरेको जग्गाको विवरण**

| ...रोपनी) |
| --- |
| ...-२ |
| ...-२ |

जग्माधनी : पुने कामी
बाबु : निते
बाजे : कर्णे
ठेगाना : साविक थारमारे ९




## आजको राशीफल

२०८१।१२।१३ गते बुधबार
तिथि : चैत कृष्ण द्वादशी, नक्षत्र : धनिष्ठा

**लक्ष्मीधारा ज्योतिष केन्द्र**
ज्यो. पं. डा. भुवनेश्वर बञ्जाडे
सदस्य- नेपाल ज्योतिष परिषद्
मोबाइल : ९८४७८४१२५१
भारत ०९१-९१२५७६६७०७



**मेष** (चू,चे,चो,ला,ली,लू,ले,लो,अ): धन प्राप्तिको लागि राम्रो दिन छ। नयाँ तवरले कार्यमा अग्रसर भइन सकिनेछ।

**वृष** (ई,ऊ,ए,ओ,वा,वि,वू,वे,वो): विशेष कार्यमा सफलता, मेहनतले दाम, प्रतिष्ठा बढाउन सक्नेछ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,ह): मनमा धर्म कर्मको भाव रहला। परउपकारमा सरिक भइन सकिनेछ।

**कर्कट** (ही,हू,हे,हो,डा,डी,डू,डे,डो): अस्वस्थता र आलस्यका बाबजुद पनि जिम्मेवारी रहिरहला।

**सिंह** (मा,मी,मू,मे,मो,टा,टी,टू,टे): परिस्थिति सुधार्न सकिनेछ। परिवारजनको साथ रहनेछ।

**कन्या** (टो,प,पी,पू,ष,ण,ठ,पे,पो): धनलाभ एवं विवादित विषय र कार्य क्षेत्रमा सफलता।

**तुला** (रा,री,रु,रे,रो,ता,ती,तू,ते): प्रतिक्षित नतिजा र कार्य सफलतामा अड्चन, बिलम्ब।

**वृश्चिक** (तो,ना,नी,नू,ने,नो,या,यी,यू): सम्झौता भंग, विश्वास गर्दा धोका पाउन सकिनेछ।

**धनु** (ये,यो,भा,भी,भू,ध,फा,ढा,भे): जाँगर, अवसर र सफलता रहनेछन्।

**मकर** (भो,जा,जी,जू,जे,जो,खा,खी,खू,खे,खो,गा,गी): अर्थ प्राप्ति गर्न सकिएला। योजना गोप्य राखेर काम गर्दा उत्तम होला।

**कुम्भ** (गू,गे,गो,स,सी,सू,से,सो,द): प्रयासरत रहे धन प्रतिष्ठा प्राप्ति र दिगो कामको जग बसाउन सकिनेछ।

**मीन** (दी,दू,थ,झ,ञ,दे,दो,चा,ची): थप लगानीको वाट्यात्मक अवस्था आउन सक्छ।